म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५७ आइतबार १६ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 28 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पूर्वप्राथमिक तहका विद्यार्थी दीक्षित

हेटौंडा, १५ वैशाख/हेटौंडा उपमहानगरपालिका-५ पिप्लेस्थित जेनिथ सकेन्डरी विद्यालयका पूर्वप्राथमिक तहका विद्यार्थी दीक्षित भएका छन् । शनिबार विद्यालयको सभाहलमा ग्राजुसेजन सेरोमोनी कार्यक्रममा उनीहरुलाई दीक्षित भएको प्रमाणपत्र प्रदान गरिएको थियो । २०८० मा युकेजी अध्ययनरत विद्यार्थी अब पूर्वप्राथमिक तहबाट प्राथमिक तह प्रवेश गरेको भन्दै दीक्षित गरिएको विद्यालयले जनाएको छ ।

विद्यालयका संस्थापक रमिता पाण्डे, प्रिन्सिपल श्रीबहादुर कार्की, लेखाअधिकृत प्रिया पाण्डे, मावि तहका प्रमुख राजकुमार साह, पूर्वसंस्थापक सदस्य सुनिता हाडालगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रिन्सीपल कार्कीले यस्ता कार्यक्रमले बालबालिकामा सकरात्मक सोच आउनुका साथै जोस, हौसला र पढाईमा समेत ध्यान दिने बताए । नर्सरी, एलकेजी र युकेजी अध्ययनपश्चातको कार्यक्रम रहेकाले सानो कक्षादेखि नै संस्कार सहितको अध्यापन गरिएको प्रिन्सिपल कार्कीले बताए ।

# हेटौंडामा नेपालको गर्जनः हामीलाई जनताको मात्रै चिन्ता छ

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सरकार वा प्रधानमन्त्रीसँग भन्दा पनि जनताको विषयमा मात्रै चासो र चिन्ता रहेको बताएका छन् ।

उनले आफू सरकार फेर बदलको चिन्तामा नरहेको भन्दै देश बनाउने र जनताको पक्षमा मात्रै चासो र चिन्ता रहेको बताएका हुन् । हेटौंडामा शनिवार भएको एकीकृत समाजवादी जिल्ला पार्टी कमिटीको अधिवेशनलाई सम्बोधन गर्दै नेता नेपालले आफ्नो पार्टी जनताको मुद्दा लिएर हिँडिरहेको दाबी गरे । नागरिकको विविध समस्या समाधान, आवश्यकतासँगै मुलुकको समृद्धिमा एकीकृत समाजवादीले प्रत्यक्ष भूमिका खेलिरहेको नेपालको भनाई थियो ।



राजनीति जनताको सेवा गर्ने सिद्धान्त रहेको र राजनीतिलाई लुट र ठगी धन्दा बनाउनु अपराध भएको उनको भनाई छ । एकीकृत समाजवादीले भ्रष्टाचाररहित रहेर इमानदारिता र जनताको सेवालाई राजनीतिको मुख्य मिसन बनाएको उनले बताए । 'राजनीति ठगी र लुटतन्त्रको नाम राजनीति होइन । राजनीतिमा लुट्ने र लुटेराको कुनै ठाउँ छैन । जनतालाई दुःख दिने, लुट्ने र ठग्ने तथा गलत काम गर्नेलाई दण्डित गर्नुपर्छ । एकीकृत समाजवादीमा त्यस्तालाई ठाउँ छैन,' अध्यक्ष नेपालले भने ।

जनताको पक्षमा काम गर्ने बलियो र दीर्घकालीन सरकार निर्माण गरेर आर्थिक सामाजिक र विकासका काम गर्न सरकारका नेतृत्व गरिरहेकालाई खबरदारी गरिरहेको उनले बताए । एकीकृत समाजवादी देश बनाउने विषयमा केन्द्रित रहेको उनको भनाई छ । उनले जनताको विषयमा चिन्ता धेरै रहेको बताईरहँदा एमाले र केपी शर्मा ओलीविरुद्ध खनिए । २०७४ मा एमाले र माओवादीको एकता भइसकेपछि झण्डै दुईतिहाइको बहुमतको अवस्थामा पुगेर पनि राज्यको सबै संरचनामा आमूल परिवर्तन गर्न, मुलुकमा ठूला परिवर्तन गरेर जनतालाई सुखी जीवन उपलब्ध गराउन नसकेको बताए ।

विकासको नयाँ लहर ल्याउन सकिन्थ्यो भन्दै उनले भने, 'जब नेतृत्वमा अहंकार हावी भयो, नेतृत्वले पार्टीको सिद्धान्त, राज्यको संविधान र आफूलाई सर्वेसर्वा ठान्छ, अहंकारी बन्न पुग्छ विनम्र होइन । अहंकारी जब हुन पुग्छ त्यसपछि सबै सीमा नाघ्छ, पार्टीको विधान मान्दैन, बैठक अस्वीकार गर्छ । छलफलाई वास्ता गर्दैन । त्यसैले यो अवस्था आएको हो ।', एमाले अध्यक्ष ओलीको अहंकारले सीमा नाघेपछि तत्कालीन नेकपा जोगाउन नसकेको नेता नेपालले दाबी गरे ।

पूर्वप्रधानमन्त्री नेपालले दक्षिणपन्थी प्रतिगामी शक्तिहरु सलबलाउन थालेको टिप्पणी गरेका छन् । प्रतिगामी शक्तिहरु संविधान विरुद्व लागिपरेको उनले बताए । प्रतिगामीदेखि सतर्क भएर सबै लोकतन्त्रवादी, संविधानका पक्षधरहरु एकताबद्ध हुनुपर्ने नेपालले बताए । दक्षिणपन्थीहरु सक्रिय भइरहेकोले सजकता अपनाउनु पर्ने बताए । संविधान, लोकतन्त्र र संघीयतामाथि अझै खतरा रहेको नेता नेपालले दाबी गरेका छन् । देशको स्वाभिमान, स्वतन्त्रताको रक्षाका लागि चुनौती देखिएको नेता नेपालले चिन्ता व्यक्त गरे ।

'अहिलेको लोकतन्त्र, संविधान माथि नै चुनौती थपिएको छ । हामीले जनताको रगत पसिनासँग साटेर ल्याएको गणतन्त्र र संघीयता नै रहने हो की होइन भन्ने चुनौती आइरहेका छन्,' उनले भने, 'व्यवस्था र संविधानविरुद्ध प्रतिगामी शक्तिहरु सक्रिय भएर लागिरहेका छन् । राष्ट्रियता माथि चुनौती आउने सम्भावना छ ।', उनले वर्तमान व्यवस्था र संविधान जोगाउन सबै शक्ति एकताबद्ध हुन जरुरी रहेको औंल्याएका छन् ।

अध्यक्ष नेपालका अनुसार राजनीतिमा निजी स्वार्थ सोचेर अघि बढ्न नहुने जिकिर गरे । त्याग र परिश्रम विना जनताले खोजे अनुसारको पार्टी निर्माण सम्भव नहुने उनको भनाई छ । एकीकृत समाजवादीले यथास्थितिवादी भएर जनतामैत्री बन्ने र अनुशासित, संस्कार सहितको कार्यकर्ता निर्माण गर्नुपर्ने अध्यक्ष नेपालले बताए । एकीकृत समाजवादीले चुनौतीको सामना गर्न सकिन्छ भन्ने विषय स्थापित गरेको उनले दाबी गरे ।

कार्यक्रममा पार्टी उपमहासचिव तथा बागमती प्रदेश इञ्चार्ज डा. गंगालाल तुलाधरले युवा र महिलाको उपस्थिति रहर लाग्दो रहेकोमा खुसी व्यक्त गरे । समाजवादी संघीय संसदमा १० सिट भए पनि बलियो पार्टी भएको उनले बताए । पार्टी बागमती प्रदेश सहइञ्चार्ज ललितकुमार बस्नेतले एमालेबाट टुक्रेको खरानी भन्नेहरु अहिले समाजवादीको जमात देखेर अत्तालिन थालेको बताए । यसैगरी प्रदेश कमिटी अध्यक्ष साबित्रा भुषालले सत्तासहकार्यमा रहँदा भएको सहमति कार्यान्वयन नभएकोमा आक्रोश व्यक्त गरिन् ।

पार्टी स्थायी कमिटी सदस्य बिरोध खतिवडाले समाजवादी पार्टीले खरायोको गतिमा हैन कछुवाको गतिमा दौड जारी राखेको बताए । समाजवादी सबैभन्दा त्यागी पार्टी भएको उनले बताए । गठबन्धनमा भएको सहमति कार्यान्वयन नभएमा समाजवादीले पनि आफ्नो क्षमता देखाउने उनले बताए । पार्टी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद खनालले पार्टी जनताको आधारभूत तहसम्म पुग्नुपर्ने भएकोले यसतर्फ ध्यानाकर्षित हुन आग्रह गरे ।

कार्यक्रममा २०४६ को जनआन्दोलनको घाइतेहरु हेटौंडा-९ की सीता बिडारी, हेटौंडा-१७ का रामबहादुर भुजेल, हेटौंडा-१७ राजदेबीका बिष्णुप्रसाद ढुंगाना, हेटौंडा-१७ का कृष्णप्रसाद नेपाल, कम्युनिष्ट नेताहरु भीम महर्जन तथा हरिप्रसाद सिग्देल र साझाकुरा दैनिकसहित मकवानपुरका विभिन्न सञ्चारगृहलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाली काँग्रेस, नेकपा माओवादीका नेताले शुभकामना दिएका थिए । भेलाले पार्टी जिल्ला कमिटीको नयाँ नेतृत्व चयन गर्नेछ ।

# मकवानपुरमा ८५७ पुग्यो डेंगु सङ्क्रमित

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ गर्मीयाम बढेसँगै मकवानपुरमा डेंगु सङ्क्रमितको संख्या थपिँदै गएको छ । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार ८५७ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ ।




जिल्लामा २०८० साउनदेखि २०८१ वैशाख १३ गते बिहीवारसम्म पुरुष चारसय ३९ र महिला चार सय १८ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको हो । गर्मीयाम सुरु भएसँगै पछिल्लो समय जिल्लामा डेंगु सङ्क्रमित थपिदैं गएको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए ।

जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु सङ्क्रमित भेटिएका छन् । यहाँ २७० पुरुष र २७५ महिला गरी ५४५ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ । जिल्लाको कैलाश गाउँपालिकामा सबैभन्दा कम एकजना पुरुषमा डेंगु सङ्क्रमण भएको छ ।

थाहा नगरपालिकामा पुरुष ३ जना, मकवानपुरगढी गाउँपालिकाका पुरुष १२ र महिला ८ गरी २० जना, बागमती गाउँपालिकामा ५ पुरुष र १९ महिला गरी २४ जना, मनहरी गाउँपालिकामा पुरुष ४२ जना र ३० जना महिला गरी ७२ जना, इन्द्रसरोवर गाउँपालिकामा पुरुष २ जना र महिला २ जना गरी ४ जना, भीमफेदी गाउँपालिकामा पुरुष २३ जना र १४ जना महिला गरी ३७ जना, बकैया गाउँपालिकामा पुरुष १२ जना र १३ जना महिला गरी २५ जना र राक्सिराङ गाउँपालिकामा २ जना पुरुषमा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

हेटौंडा अस्पतालमा पुरुष ४२ जना र महिला ४० जना गरी ८२ जना र अन्य जिल्लाका पुरुष ९ जना र महिला ३ जना महिला गरी १२ जना र ठेगाना नखुलेका १६ पुरुष र १४ महिला सहित ३० जनामा डेंगु सङ्क्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । डेंगु सङ्क्रमण कारण एक जनाको मृत्यु भएको थियो । मकवानपुरमा गत आर्थिक वर्षमा पाँच हजार ८६४ जनामा डेंगु सङ्क्रमण भएको थियो जसमध्ये तीन हजार २०५ जना पुरुष र दुई हजार ६५९ जना महिला थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# बालिका बेचबिखन कार्यमा संलग्न महिला पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/मकवानपुरकी अढाई वर्षीया बालिकालाई बेचबिखन गरेको अभियोगमा प्रहरीले सोमबार एक महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ललितपुरको गोदावरी नगरपालिका-१३ घर भई काठमाडौं जडिबुटी बस्ने उर्मिला भन्ने ४३ वर्षीया कल्पना विश्वकर्मा रहेकी छन् । यो कार्यमा संलग्न विश्वकर्मालाई मानवबेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले काठमाडौं भृकुटीमण्डपबाट पक्राउ गरेको हो ।

प्रहरीका अनुसार, विश्वकर्माले मकवानपुरको एक परिवारकी बालिकालाई होस्टेलमा राखी पढाईदिने प्रलोभन देखाई काठमाडौंस्थित आफ्नै घरमा राखेको थिइन् । तर, उनले झापाको काकरभिट्टा पुऱ्याइ भारत सिलगुडीबाट आएकी आफ्नै साथीलाई ती बालिका सुम्पिएकी थिइन् ।

विशेष सूचनाको आधार मा प्रहरी, राष्ट्रिय बालबालिका खोजतलास केन्द्र तथा राष्ट्रिय बालअधिकार परिषद्को पहलमा सोमबार ती बालिकाको उद्दार गरी हाल सुरक्षित आवासगृहमा राखिएको छ । पक्राउ परेका विश्वकर्मामाथि मानवबेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# औषधि व्यवसायी संघ बागमती प्रदेशमा श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ नेपाल औषधि व्यवसायी संघ बागमती प्रदेशको अध्यक्षमा ध्रुवनारायण श्रेष्ठ चयन भएका छन् । यही चैत १४ र १५ गते हेटौंडामा भएको दोस्रो अधिवेशनबाट ध्रुवको अध्यक्षतामा नयाँ कार्यसमिति बनेको हो ।

संघको वरिष्ठ उपाध्यक्षमा शिवप्रसाद पण्डित, उपाध्यक्षमा बद्रीप्रसाद श्रेष्ठ र नवराज खनाल, महासचिवमा राजु श्रेष्ठ, कोषाध्यक्षमा राजेशभक्त श्रेष्ठ, सचिवमा बिनोद लामिछाने र उपकोषाध्यक्षमा राजु अधिकारी चयन भएका छन् ।

यसैगरी सदस्यमा कपिल सुवेदी, सङ्घर्ष गुरुङ, धर्बिन्द्र वन, सुधिर दाहाल, पन्चकुमार श्रेष्ठ, रविदास श्रेष्ठ, जीवन महर्जन, अनिलमान श्रेष्ठ र पार्वती श्रेष्ठ चयन भएका छन् ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....



Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time
25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
App Store
Google Play
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# अव्यवहारिक कानुन किन राखेको ?

स्थानीय तहका जनप्रतिनिधिले आफूखुशी काम गर्न नसकेको भन्दै मौजुदा कानुनलाई दोष दिएर उम्कने प्रयास गरेका छन् । कानुन अब्यवहारिक भए संशोधन गर्न जनताले म्याण्डेड दिएकै छन् । कानुनले रोकेको हो भने संशोधन गर्न कसले रोकेको छ त्यो पनि भन्नु पर्छ कि ? पञ्चायतकालीन कानुन परिवर्तन गर्नुपर्छ भन्ने सबैलाई थाहा होला । समयको माग वा आवश्यकता अनुसार कानुन संशोधन गर्न मिल्ने कुरा हो । मौजुदा कानुनको परिमार्जन गर्नका लागि आफ्नो पद, ओहदा, संलग्न राजनीतिक दल, मिडिया, सामाजिक सञ्जालमार्फत् दवाब श्रृजना गर्न कसले रोकेको छ र ? हेटौंडामा शुक्रबार आयोजित एक कार्यक्रममा जनप्रतिनिधिले कानुनप्रति बढी रोष प्रकट गर्नुको पछाडि नदीजन्यपदार्थ उत्खनन्मा देखिएको समस्या थियो ।

जिल्ला समन्वय समिति सभापति ललितबहादुर घलान र हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले अव्यवहारिक कानुनकै कारण नदीजन्यपदार्थ उत्खनन्बाट उठ्नुपर्ने राजश्व संकलन हुन नसकेको बताए । नदीजन्यपदार्थ उत्खनन् पूर्व गर्नुपर्ने वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी संघीय मापदण्ड, उत्खनन् कार्य, जरिवानाको व्यवस्थासम्बन्धी संघीय र प्रदेशको कानुनी व्यवस्थाले सोचेजस्तो काम गर्न नसकिएको उनीहरुको भनाइ थियो । स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको लागि कानून निर्माण, मेलमिलाप तथा राजपत्रसम्बन्धी आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा भएको अभिमुखीकरणमा बोल्दै जिसस प्रमुख घलानले समयसापेक्षा कानुन नबनेको गुनासो गरे । पञ्चायतकालीन कानुनबाट काम गर्नुपर्दा समस्या भइरहेको उनको भनाई छ । आवश्यकताअनुसार कानुन निर्माण हुन नसकेको उनले बताए । वन ऐन, प्रहरी ऐन जस्ता थुप्रै महत्वपूर्ण कानुन नबनाएर अनावश्यक कानुन निर्माणमा लागिरहेकोमा उनीहरुलाई चित्त बुझेको छैन । नदीजन्यपदार्थ सम्बन्धी कानुन व्यवहारिक नभएको बताएका छन् । स्थानीय तहलाई राजश्व वृद्धि हुने गरी कानुन बन्नुपर्ने जनप्रतिनिधिको माग छ । हेटौंडाकी नगरप्रमुख लामाले यो अभिमुखीकरण कानुन निर्माण गर्ने सांसदहरुलाई नै पहिला दिनुपर्ने भन्दै रोष प्रकट गरिन् । अव्यवहारिक कानुनकै कारण काम गर्न नसकिएको दाबी गर्दै लामाले भनिन्, 'यो अवस्थाले मुलुक कहिले बन्छ ?,' 'कर्मचारीहरु स्थानीय तहमा आउन मान्दैनन् । आए कलम चोप्न मान्दैनन्,' उनले भनिन् ।

कानुनका कारण अर्बौको राजश्व उठाउन नपाएर खेर गइरहेको लामाले बताइन् । संविधानमा भएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा रहेको कानून निर्माण गर्न नसक्दा समस्या भएको बताइएको छ । तीन तहको साझा अधिकारको सूचिमा रहेको कानून निर्माण गर्न नसक्दा नागरिकले पाउनुपर्ने सेवा, सुविधा पाउन नसकेको बताइएको छ । प्रदेश सरकारले एकल अधिकारको सूचिमा रहेको कानून बनाइरहे पनि साझा अधिकारको कानून निर्माण गर्न नसकेको हो । साझा अधिकारको सूचिमा रहेको कानून बनाउँदा सबैको अनुकूल नहुन सक्छ । स्थानीय तहमा २२ वटा अधिकार सूचिकृत रहेको बताउँदै त्यो अधिकार कार्यान्वयन गर्न कति सक्यौं ? कानून निर्माण गर्दा तीन तहका सरकारसँग समन्वय र सहकार्य हुन आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १७ गते सोमबार २९ अप्रिल २०२४ । पञ्चमी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२८, सूर्यास्त ६:३६ । अन्तर्राष्ट्रिय नृत्य दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# वर्तमान भू-राजनीतिमा चिनियाँ अर्थ व्यवस्थाको असर



✍ विपिन देव

सन् २०२४ लाई परिवर्तनको वर्ष भनिए तापनि सकारात्मक परिवर्तनको अनुभूति र अनुभव मानव समुदायले प्रत्याभूत गर्न सकेको छैन । सन् २०२४ मा ६० वटा मुलुकहरूले चुनावी प्रक्रियाद्वारा आफ्नो शासन पद्धतिमा परिवर्तनको अनुभव गर्ने जमर्को गरेको छन् । अर्को कुरा संसार कुरुक्षेत्रको रूपमा रूपान्तरण हुँदै छ ।

भर्खरै अमेरिकी सदनले युक्रेनलाई उपलब्ध गराउने ६० बिलियन अमेरिकी डलर को पराकम्पन रसिया-युक्रेन युद्धमा देखिनेछ भने इजरायल र हमासको युद्धमा इरानको सहभागिताले मध्यएसिया र खाडी मुलुकहरूको अमनचयन अपफत हुने सम्भावनालाई नकार्न सकिँदैन । इजरायलको प्रतिकारात्मक क्षमताको प्रकोपवाट जोगिन इरानका राष्ट्रपतिले पाकिस्तानमा भ्रमण गर्नु आफैंमा अर्थपूर्ण रहेको छ ।

यी पृष्ठभूमिका पछाडि चीनको भूमिका के-कस्तो हुनेछ भन्ने आफैंमा एउटा शोधको विषय भएको छ । पुटिनले रसियाको शासन सत्ता पुन: सम्हालेपश्चात् आफ्नो प्रथम उद्धोषमा रसिया-चीनको मैत्रीमा अधिक जोड दिएका छन् । इरान र पाकिस्तानसमेत चिनियाँ आर्थिक भरथेगमा निर्भर रहेको छ । जानकारहरूको समीक्षाअनुसार चिनियाँ पूँजी र निवेश नै यी मुलुकहरूको लागि बेलाबखतमा सञ्जीवनी बनेको देखिन्छ । यही पृष्ठभूमिमा चिनियाँ अर्थ व्यवस्थाको स्वास्थ्य अवस्थालाई अवलोकन गर्न अति आवश्यकता देखिन्छ, जसको पराकम्पन र बाछिटाले भू-राजनीतिलाई प्रभावित गर्न सार्मर्थ्य राख्दछ ।

एक अध्ययनअनुसार सन् २०२३ मा चीनको आर्थिक विकास दर ५ दशमलव २ प्रतिशत मात्र रहेको छ । आर्थिक शिथिलताका कारक तत्वहरूमध्ये चीनको जिरो कोभिड नीति नै रहेको थियो । अर्थात् कोरानाको कहरमा अधिकांश कलकारखानाहरू बन्द अवस्थामा थिए । कामदारहरू शहरी क्षेत्रबाट गाउँमा विस्थापित भएका थिए । वर्तमान परिवेशमा चीनमा घरेलु खपतमा कमी भएको छ । उत्पादन र उपभोगमा तादत्म्यता देखिएको छैन । आर्थिक शिथिलताको पराकम्पन हरेक क्षेत्रमा महसुस गर्न सकिन्छ । चीनको निर्यातमा १२ दशमलव ४ प्रतिशतको कमी देखिएको छ । युवाहरू बेरोजगारीको सिकार भएका छन् । विगत ७ दशकमा चीनको बेरोजगारी दर यस प्रकारले बढेको थिएन । एक शोधअनुसार चीनको बेरोजगारी दर २० दशमलव ८ प्रतिशत रहेको छ ।

रियलस्टेटको व्यापारलाई चिनियाँ अर्थतन्त्रको मेरुदण्डको रूपमा लिइन्छ । रियलस्टेटको व्यापारमा ५० प्रतिशतसम्मको गिरावट देखिएको छ । चीन दगाङ्ग शहरका ठूला-ठूला सुविधासम्पन्न घरहरू खरिद-बिक्रीविना खण्डहरमा परिणत भइरहेका छन् । चीनको भीमकाय बीआरआई परियोजनाबाट लाभभन्दा हानि बढी भइरहको छ । बीआरआई परियोजना लागू भएका देशहरू आर्थिक दिवालियापनको संघारमा देखिएका छन् । पाकिस्तानको सी.पेक योजना र श्रीलङ्काको हम्बन टोटा बन्दरगाह यसका प्रतिनिधि उदाहरणहरू हुन् । चिनियाँ अर्थतन्त्र शिथिलीकरणको अवस्थामा जानुको कारण जनसांख्यिक लाभांशमा कमी हुनु पनि हो । वर्तमान परिवेशमा चीनले लागू गरेको 'एक बच्चा नीति' चिनियाँ अर्थतन्त्रको लागि नकारात्मक सिद्ध भएको छ । चीनमा वृद्ध जनसंख्याको बढोत्तरीको असर अर्थतन्त्रमा देखिएको छ ।

यी घरेलु नीतिबाहेक राष्ट्रपति सीको परराष्ट्र नीतिको कारणले गर्दासमेत चिनियाँ अर्थतन्त्र खस्केको देखिन्छ । चिनियाँ आर्थिक विकासको प्रधान कारण चीनको अमेरिका र युरोपसँगको आर्थिक सम्बन्ध थियो । पश्चिमा पूँजी र प्रविधिको आधारस्तम्भमा नै चीनले आर्थिक फड्को मारेको थियो । वर्तमान अवस्थामा चीनको सम्बन्ध अमेरिकालगायत युरोपसँग चिसिएको छ, जसको असर अर्थतन्त्रमा देखिएको छ ।

संसारमा सम्पूर्ण समृद्ध देशहरूसँग चीनको सम्बन्ध असामान्य रहेको छ । जापानसँग सिनकाकु टापुको विवाद, भारतसँग सीमा विवाद, अस्ट्रेलियासँग व्यापारिक विवाद, आसियान मुलुकहरूसँग दक्षिण सागरको नीतिले गर्दा भएको विवादको असर चिनियाँ अर्थतन्त्रमा झल्किन्छ । दक्षिण चीन सागरमा चीनको दबदबाका कारणले गर्दा फिलिपिन्स र भियतनाम आक्रान्त भएका छन् । भर्खरै फिलिपिन्स र भियतनामले भारतसँग वह्रमोस क्षेप्यास्त्र खरिद गरेर आफ्नो सुरक्षा व्यवस्थालाई बलियो पार्न प्रयत्न गरिरहेका छन् । चिनियाँ नीतिको कारणले गर्दा हिन्दमहासागरीय क्षेत्रसमेत तनावग्रस्त भएको छ । हिन्दमहासागरीय क्षेत्रमा अमेरिका, जापान, अस्ट्रेलिया र भारतले चतुर्भुजीय संगठन (कर्वाड)को निर्माण गरेका छन् । त्यस्तै अस्ट्रेलिया, अमेरिका र बेलायतले समेत अक्सजस्ता संगठनको निर्माण गरेका छन् ।

वास्तवमा चीनसँग घनिभूत सम्बन्ध भएका मुलुकहरू आर्थिकरूपमा अब्बल रहेका छैनन् । वर्तमान परिवेशमा रसियाको आर्थिक आकार भारतभन्दा आधा रहेको छ । रसियाको आर्थिक आकार १ दशमलव ५ ट्रिलियन डलर रहेको छ भने पाकिस्तानको आर्थिक आकार ३ सय बिलियन डलरको मात्र रहेको छ । अर्थशास्त्रको नियमअनुसार समृद्ध देशसँग व्यापार भएको खण्डमा राष्ट्रले आर्थिक सबलता प्राप्त गर्दछ ।

आर्थिक कारणले गर्दा चिनियाँ जनतामा उग्र राष्ट्रवाद बढाउन चिनियाँ कम्युनिस्ट पार्टी आफ्नो सक्रियता देखाइरहेको छ । तदनुरूप 'मिडिल किङ्डम' को सिद्धान्तअनुरूप चीनले आफ्नो दक्षिण चीन सागरको नीतिअन्तर्गत अन्तर्राष्ट्रिय सामुद्रिक कानुनलाई मानमर्दन गर्दै दक्षिण चीन सागरमा सैन्य भण्डारण बढाएको छ भने चीनले आफ्नो विस्तारवाद नीतिअन्तर्गत ताइवानलाई चीनमा समाहित गर्न समयसीमासमेत निर्धारण गरेको छ ।

भारतलाई दबाबमा राख्न अरुणाचल लगायत ग्लवाल क्षेत्रमा समेत आफ्नो दाबी पेस गरेको छ । चीनको बढ्दो आक्रामकताका कारण चीनको शिथिलीकरण अर्थ व्यवस्था नै हो भन्ने यी तथ्यहरूको आधारमा आँकलन गर्न सकिन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सरकार ! सास फेर्न सकिएन

✍ डा. सन्जिब हुमागाई

काठमाडौंका मानिसमा छाती दुख्ने वा छाती ढक्क फुलेको जस्तो हुने, रिंगटा लाग्ने, मूर्छा परिएला जस्तो हुने, आँखा पोल्ने, निधार, गाला चिलचिलाउने, घाँटी खसखस गर्ने, लामो समयसम्म रुघाखोकी लागिरहने लक्षण बढ्दो मात्रामा देखिन थालेका छन् । प्रतिकूल वातावरणीय कारणहरूले मानव स्वास्थ्यमा पारेको असरले ल्याएका हुन् यी शारीरिक अस्वस्थता ।

यस्ता रोगहरूको कारण राजधानीको वायु प्रदूषण हो । राजधानीको वायु प्रदूषित छ । प्रदूषण मापन गर्ने विधिका आधारमा भन्ने हो भने सामान्य अवस्थाको तुलनामा चार गुणा बढी प्रदूषित छ राजधानीको हावा । हावामा मिश्रित 'पार्टिकुलेट म्याटर' (कणतत्व) को मात्राका आधारमा यसो भनिएको हो । वायु प्रदूषणले मानिसको फोक्सोमा असर पार्दछ वा फोक्सो विरामी बनाउँछ । मानिसले वायुमण्डलमा प्राप्त हावा लिन्छ । सो हावालाई फेक्सोले प्रशोधन गर्दछ र हावामा भएको अक्सिजन र अन्य वायुलाई छुट्याउँछ ।

फोक्सोले प्रशोधन गरेर शुद्ध बनाएको अक्सिजन मुटुलाई दिन्छ र मुटुले शरीरका अन्य अंग र कोषिकाहरूमा वितरण गर्दछ । कार्बनडाइ अक्साइड लगायत अन्य वायु मुखबाट बाहिर निकालिदिन्छ । मानिसहरूले बोध गरेको माथि भनिएका असहज स्वास्थ्य अवस्था फोक्सोले वायु प्रशोधन गर्ने प्रक्रियामा आएको अवरोध हो । यस्तो अवरोधले लामो समय निरन्तरता पायो भने मान्छे गम्भीर बिरामी पर्न जान्छ र मृत्युको खतरा पनि रहन्छ । हामी सबैले प्रायश: सुनिर हेका छौं, पार्टिकुलेट म्याटर अर्थात् कणतत्व २.५ भनेको । रेडियो, टिभी, समाचारपत्र, अनलाइन न्युज पोर्टलहरू सबैतिर हावामा पार्टिकुलेट म्याटर २.५ को मात्रा बढी भयो भन्ने गरेको सुनेकै छौं ।

तर, के हो यो पार्टिकुलेट म्याटर २.५ भनेको ? यो कसरी बन्छ ? यसले के गर्छ ? मानव स्वास्थ्यमा यसले के-कस्तो असर पार्छ ? यी बृहत् वैज्ञानिक कुरा बुझ्नुको के महत्व छ ? बुझेर पनि हामीले के नै गर्न सक्छौं ? भन्ने मनोविज्ञान पनि हामीमा रहेको छ । यी सन्दर्भहरूमा यस लेखमा विस्तृत प्रकाश पार्ने प्रयास गरिएको छ । यी कुरा किन बुझ्नु जरूरी छ भने समस्याको आयाम र आयतन बुझ्न सकियो भने समाधानको जिम्मा लिएका निकायहरूलाई आफ्नो जिम्मेवारी वहन गर्न हामी दबाब दिन सक्छौं । अर्कातिर त्यस समस्याबाट बच्न हामी आफैंले अवलम्बन गर्न सक्ने स्वप्रयोजनीय व्यवहार (प्रोटोकल) बनाउन र आफैंमाथि लागू गर्न सक्नेछौं ।

काठमाडौं उपत्यकामा दुई महानगर र १९ पालिकाहरू छन् । यी पालिकाहरूलाई अधिकार प्रत्यायोजनका दृष्टिकोणले स्थानीय सरकार भनिएको छ । सरकार भन्नुको तात्पर्य आफ्ना दृष्टिकोणहरूमा कानुन बनाएर लागू गर्न पाउने अधिकार प्राप्त गर्नु हो । त्यसैगरी नेपालको संघीय सरकारको स्टेसन पनि काठमाडौं नै हो । यसरी हेर्‍यो भने काठमाडौं सरकारहरूको एक हव वा केन्द्र हो । यहाँ ३३४ सांसदहरूको केन्द्रीय सचिवालय छ । सबै मन्त्रालयहरू यहीं छन् र राज्यका सबै नीतिनियम, निर्देशिका र रणनीतिक लक्ष्यहरू यहीं निर्धारण गरिन्छन् ।

तर यो ठाउँ वातावरणीय दृष्टिकोणले अत्यन्त प्रदूषित छ, यहाँको हावा सास लिन नसकिने प्रदूषित छ । जहाँ मानिसहरू वातावरणीय अस्वस्थताबाट ग्रस्त छन्, त्यहाँको संघीय र स्थानीय सरकारहरूमा नागरिकहरूले भोगिरहेको यो असहज अवस्थाप्रति कुनै संवेदनशीलता पाइँदैन । सरकार र पालिकाहरूले वायु प्रदूषणलाई प्राकृतिक विपत्ति भनेर मौसममा आउने सुधार पर्खिएर बसेको जस्तो देखिन्छ । काठमाडौं महानगर शहरको सुन्दरताका लागि शहरी सडक विस्तारमा क्रियाशील छ, यो राम्रो हो । तर, आधुनिक युगमा राम्रो कार्य गर्न पनि मानकहरू बनेका छन्, बनाइएका छन् ।

बाटो, घर वा यस्तै पूर्वाधारहरू बनाउनु राम्रो हो तर त्यसका निर्माण मानकहरू उपेक्षा गरेर बनाउन पाइन्छ र ? महानगरको शहरी विस्तार अभियान मध्ययुगीन विकास जस्तो लाग्छ । टिभी र युट्युब फुटेजहरू हेर्दा काठमाडौं महानगरमा वातावरणीय सचेतनालाई विकास इन्जिनियरिङले मारिदिएको छ । महानगरले बाटो फराकिलो बनाउँदा वा अवैध संरचनाहरू भत्काउँदा प्रयोग गरिएको विधि पद्धति हेरियो भने वातावरणीय दृष्टिकोणले यसलाई मध्ययुगीन चेतनास्तर भन्न सकिन्छ । राजधानीको सुन्दरताको वैधानिक अभियन्ता महानगरपालिका नै प्रदूषण नियन्त्रणमा इच्छुक देखिंदैन ।

काठमाडौं महानगरको यो उपक्रम २१औं शताब्दीको विश्व व्यवस्थामा अन्यत्र कतै देख्न कठिन छ । निर्माण वा ध्वंस पूर्व त्यसबाट हुने वातावरणीय क्षति महानगरले मापन गर्नु अनिवार्य छ । भत्काइएका संरचनाहरूबाट उत्सर्जन हुने धुलो वा फोहोर व्यवस्थापनका लागि अग्रिम योजना बनाउनुपर्ने हो सो देखिएको छैन । महानगरपालिकाको वातावरण विभाग के काम गर्छ ? उसले कुनै सार्वजनिक जानकारी दिनुपर्छ पर्दैन ? नेपाल सरकार ल्याण्डक्रुजर गाडीको शिशा बन्द गरी एअर कन्डिसन अन गरेर हिंड्छ । सायद घरमा पनि एअर बाइपास ड्याम्पर हालिएको होला नेता र मन्त्रीहरूको निवासमा । यसले बाहिरको धुलो भएको हावा घरभित्र छिर्न दिंदैन ।

यति सुविधा त सरकारका मन्त्री र दलका नेताहरूले पाउनै पर्छ । तर जो वा जसका लागि र जसमाथि उहाँहरू शासन गर्दै हुनुहुन्छ, जसका नाममा शासन गर्दै हुनुहुन्छ, तिनीहरूप्रति सरकारको दायित्व वा संवेदनशीलताको मानक के बनाएका छन् ? किन मानिसको नैसर्गिक जीवनप्रति सरकारहरू अनिच्छुक देखिन्छन् ? अब हेरौं मानव स्वास्थ्यमा घात गरिरहेको पार्टिकुलेट म्याटर (कणतत्व) भनेको के हो ? यसले कसरी मानव स्वास्थ्यलाई असर पार्छ ? काठमाडौं उपत्यकाको हावामा पार्टिकुलेट म्याटर २.५ को मात्रा स्वास्थ्य मानकको तुलनामा चार गुणा ज्यादा पाइएको छ ।

हावाको गुणस्तर मापन सूचकांकको आधारमा भन्दा यो मात्रा मानिसलाई सास फेर्न कठिन हुने अवस्था हो । हावामा रहेको २.५ पार्टिकुलेट म्याटर ओजोन नाइट्रोजन अक्साइड, वाष्पिक कार्बन यौगिक वा बेन्जेन, कार्बनमोनोअक्साइड र सल्फर डायोक्साइड जस्ता हानिकारक रासायनिक तत्वहरू र धुलोको समिश्रणबाट बनेको हुन्छ । हेरौं यी हानिकारक यौगिक तत्वहरूले के गर्छन् ? कार्बनमोनोअक्साइड एक रासायनिक तत्व हो । यो काठमाडौंको हावामा तैरिरहेको छ, हावासँगै उडिरहेको छ । हामीले सास फेर्दा यो तत्व पनि फोक्सोमा प्रवेश गर्छ र रगतमा हेमोग्लोविनसँग मिसिन्छ । यसले अक्सिजन ओसारपसार गर्ने रगतको क्षमतामा कमि ल्याउँछ र शरीरका अंगहरूमा अक्सिजन आपूर्ति गर्ने प्रक्रियालाई अवरुद्ध पार्दछ ।

दिमागमा अक्सिजनको कमिबाट आइपर्ने समस्याहरू जस्तै थकान, टाउको दुख्नु, भ्रम पैदा हुनु, मूर्छा पर्नु, रिंगटा चल्नु, वाक्वाकी लाग्नु जस्ता सामान्य लाग्ने तर दीर्घकालिक स्वास्थ्य समस्या उब्जाइदिन्छ । यहाँको हावामा ओजोन रासायनिक या यौगिक कणको मात्रा बढ्दै गएको छ । यसले ब्रोंकाइटिस वा फोक्सोको दीर्घ रोग, छाती ढक्क फुलेर भारी हुनु, लगातार खोकी, फोक्सोको अक्सिजन प्रशोधन प्रक्रियामा शिथिलता ल्याइदिन्छ । स्वस्थ मानिसहरू पनि ओजोनको सम्पर्कमा आएपछि सास फेर्न कठिनाइ महसुस गर्दछन् । यस्तै सास फेर्दा नाइट्रोजन लिनुले बच्चाहरूको श्वास-प्रश्वासमा संक्रमण, जसका कारण फोक्सो कमजोर हुँदै जाने र श्वास-प्रश्वासको दीर्घरोग हुन पुग्छ ।

काठमाडौंमा आजको हावाबाट बच्चाहरूलाई जोगाउनु अत्यन्त जरूरी छ । वातावरणीय नियतिप्रति असंवेदनशील विकासवादीहरूले समेत आ-आफ्ना बच्चाहरूको स्वास्थ्यमा ध्यान दिनै पर्दछ । हावामा भएको सल्फरडाइअक्साइडले पनि ब्रोंकाइटिस बनाइदिन्छ । नाक चिलाउने, घाँटी खसखस गर्ने, घाँटीमा केही कुरा अड्किए जस्तो महसुस हुने, छातीमा केही कुरा जमे जस्तो हुने, खकार जमेर बस्ने गराउँछ । मुटु सम्बन्धी रोगको यो एक प्रमुख कारण पनि हो । पार्टिकुलेट म्याटर हावा प्रदूषणको एक कमन साझा मापन विधि हो । विभिन्न कणतत्वहरू यसमा सन्निहित रहेका हुन्छन् । ती सबै मानव स्वास्थ्यका लागि हानिकारक छन् । सल्फेट कणतत्वहरू पार्टिकुलेट म्याटर २.५ का भागहरू हुन् । यसले फोक्सोको गतिशीलता वा कार्यहरूलाई कमजोर पार्दछ । दमका रोगीहरूको अवस्था जटिल बनाउँछ ।

नाइट्रोजनको मात्रा धेरै भएको हावामा सास फेर्नु भनेको बच्चाहरूका लागि स्वास्थ्य अवस्था गम्भीर हुनु हो । यसले मेथेमोग्लोबिनेमिया भन्ने एक प्रकारको दीर्घ रोग जसले रक्त प्रसारणमा असहज परिस्थिति पैदा गरिदिन्छ जसले गर्दा बच्चाहरूको मृत्यु हुने खतरा रहन्छ । एमोनिया बढी हुनु भनेको आँखा पोल्ने, नाक घाँटीको समस्या, श्वास प्रश्वास नलीको प्रक्रियामा बाधा उत्पन्न हुनु जस्ता स्वास्थ्य घात पर्दछन् । हावामा मिसिएको कालो कार्बन फोक्सोभित्र पस्दछ र विषाक्त पदार्थलाई रक्तप्रवाहमा मिसाइदिन्छ । यसले ब्लड इन्फेक्सन गराउँछ । मानिसमा मात्र नभएर वायु प्रदूषणले घरपालुवा जनावरका अतिरिक्त अन्य जंगली जनावरहरूको स्वास्थ्यमा पनि प्रतिकूल प्रभाव पार्ने गरेको विभिन्न अध्ययनको निष्कर्ष रहेको छ ।

शिवपुरी, नागार्जुन, फुल्चोकी, चन्द्रागिरि जस्ता प्राकृतिक वनहरूले काठमाडौंको वायुमण्डलमा घुमिरहेका रासायनिक तत्व र धुलोलाई अवशोषण गर्ने गर्दथे । धुलो अवशोषणका लागि झ्याउ पलाएका रूखहरू सबैभन्दा उपयुक्त हुन् । काठमाडौंको आर्टिफिसियल आवश्यकता पूर्ति गर्न वरिपरिका वन फँडानी र त्यहाँ अत्याधुनिक विकास आयोजनाहरू सञ्चालन गर्ने निजी क्षेत्र र सरकारको संयुक्त तर घातक अभियानले काठमाडौंलाई हेर्दाहेर्दै चरम प्रदूषित बनाइरहेको छ र यहाँका मानिसहरू आफ्नो विभिन्न आकांक्षाका प्यास मेट्न अहोरात्र विषाक्त वायु निलिरहेका छन् ।

प्रकृतिको एक सुन्दर रचना हो काठमाडौं । पानी, वन र कृषिको सम्यक् अन्तर सम्बन्ध थियो यहाँ । यहाँको राजनीति परजीवी हुँदै व्यापारमा आश्रित भयो । व्यापारले प्रकृति वा इकोसिस्टमको शोषण गरेर नाफा कमाउने रणनीति लागू गर्न राजनीति र प्रशासनको सहयोग खोज्यो । राजनीति, प्रशासन र व्यापारको मिलिभगत अर्थात् नेक्ससले काठमाडौं वरिपरिको पर्यावरणलाई कम्पनीहरूको नाफाको स्रोत बनायो ।

यसको परिणाम शिवपुरी, फुल्चोकी वा चन्द्रागिरिका वन नासिए र त्यहाँ निजी व्यवसायीले इकोसिस्टमको शोषण गरेर बनाएका आनन्द पार्कहरूको व्यवसाय चल्यो । जसले राजधानीलाई पर्यावरणीय गौरव र वातावरणीय सुन्दरता दिएका थिए, ती सकिए । अब मरुभूमीकरणको दिशामा गएको छ राजधानी काठमाडौं । काठमाडौंको जमिन अत्यन्त शुष्क भएको छ । शुष्क जमिनका कारण जमिनको धुलो पनि वायुमण्डलमा मिसिएको छ । काठमाडौं खड्कुलो आकारको छ । वरिपरि अग्ला डाँडाहरू छन् बीचमा गहिरो समथर भूभाग । यहाँको वायुमण्डल डाँडाहरूबाट घेरिएको छ । वायुमण्डलमा घुमिरहेका धुलाका कण र हानिकारक रसायनहरू डाँडाबाट छेकिने हुनाले बाहिर उडेर जान पाउँदैनन् । त्यसकारण यहाँ यसस्तरको हानिकारक वायु प्रदूषण हुन पुगेको हो ।

अव्यवस्थित निर्माण, थोत्रा सवारी साधन, कच्ची सडकबाट गाडीले ल्याउने हिलोमाटो र सो सुकेर बन्ने धुलो यहाँको रैथाने विशेषता हुन पुगेका छन् । चन्द्रागिरि, शिवपुरी र फुल्चोकीमा गरिने तथाकथित विकास नामको विनाशका कारण उत्पादित धुलो पनि उडेर राजधानी नै पसिरहेको छ । शिवपुरीको आवादी धुलो र विकासका नाममा गरिने संरक्षण क्षेत्रको दोहनले उत्पन्न गरेको पर्यावरणीय चुनौतीहरूबाट पीडित हुँदै गइरहेको छ, त्यसले काठमाडौं खाल्डोलाई पनि मानव बसोबास अनुपयुक्त बनाइरहेको छ ।

'नागमती बाँध, सम्भावित बाढी र पशुपतिनाथको भविष्य' शीर्षकमा १६ माघ २०८० मा प्रकाशित मेरो लेखमाथि विनोद पराजुली, प्रकाश निरौला र माधव बिष्टको प्रतिक्रियालाई मैले पर्यावरण सम्बन्धमा नेपाली मनोविज्ञान अध्ययनको एक र्‍यान्डम नमूना मानेको छु । माधव बिष्टको आफ्नो आइडी फोटोमा शायद उहाँकी सानी छोरीको पनि फोटो छ । प्रकाश निरौलाले रमणीय स्थानमा खिचिएको फोटो आइडीमा राख्नुभएको छ । विनोद पराजुलीको टिप्पणी पढ्दा उहाँ पनि कुनै खास विषयको जानकार व्यक्ति भन्ने बुझिन्छ । यी टिप्पणीहरू पर्यावरणीय चेतनाको नेपाली स्तर मापन गर्ने अध्ययनको एक सूत्र हुनसक्छन् भन्ने मेरो ठहर छ ।

जसले आफ्नो आइडीमा छोरीको तस्बिर राख्छ ऊ नि:सन्देह सन्तानप्रति भयंकर संवेदनशील छ । यस्तो संवेदनशीलताले आगामी दिनहरू आफ्ना सन्तानका लागि सहज-असहज के छन् ? त्यतातिर बच्चाको क्षमता बढाइदिन पनि सोच्नुपर्ने हो । शरीर जड र त्यसमा आश्रित चेतना प्राण हो । शरीर स्थूल हो, प्राण दैवी । जब जडले चेतना मार्छ, स्थूलले प्राणतत्वलाई तिरस्कार गर्छ, स्थूल तत्वले प्राण कैद गर्छ र जड शरीरले चेतना थिचेर राख्छ, यो अवस्थालाई आजको नेपालको राजनीति, पर्यावरणीय चुनौती र इकोसिस्टम शोषणको जड कारण मान्न सकिन्छ ।

हाम्रो आफ्नो कालखण्ड वा आयुको समयसारिणीमा गरिने विकासको उपयोगिता आउने दिनका सन्तानलाई मिल्छ नै भन्न सकिंदैन । मेरो सोही नागमती बाँध सम्बन्धी लेखमा प्रतिक्रिया दिने एक जना कसैले लेखेका थिए- 'यस विकास विरोधीलाई तुरुन्त जेल कोच्नुपर्छ ।' यो लेख लेख्ने क्रममा उहाँको सो प्रतिक्रियाले मलाई दिएको ऊर्जा सम्झिएको छु । त्यसकारण फेरि एकपटक प्रतिक्रिया दोहोर्‍याएर हेरें, तर सो हटाइएको रहेछ । भलै पढालेखा वा आफूलाई विद्वान् भन्ने मानिसहरू पनि वातावरण वा पर्यावरणलाई तिरस्कृत शास्त्र भन्ने ठान्छन् ।

*क्रमश: पृष्ठ-३....*

# रोहितको शतकीय जवाफ



काठमाडौं/ वेष्टइण्डिज सँगको पहिलो टी-२० खेलमा नेपाललाई जिताउन शनिबार कप्तान रोहित पौडेलले शानदार शतकीय इनिङ खेले ।रोहितले ५४ बलमा १० चौका र ६ छक्कासहित ११२ रनको शतकीय इनिङ खेलेपछि वेष्टइण्डिजले दिएको २०५ रनको लक्ष्य नेपालले १९.४ ओभरमा ६ विकेट गुमाएर पूरा गरेको थियो ।

यो शतक रोहितको टी-२० करिअरमै पहिलो हो । उनीपछि दीपेन्द्रले २४, कुशल भुर्तेल र कुशल मल्लले १६-१६ रन जोडे । वेष्टइण्डिज ए टिममा ओबेद म्याककोय, ओशान थोमस, गुडाकेश मोती र किमो पल जस्ता विश्वमा नाम चलेका बलर छन् । वेष्टइण्डिज ए को प्लेइङ ११ मा १० खेलाडी सिनियर टमिबाट खेलिसकेकाहरु छन् । तर रोहितलाई शतक बनाउनबाट उनीहरुले रोक्न सकेनन् ।

तीव्र गतिका बलर म्याथ्यु फर्डको तेस्रो ओभरको पहिलो बलमा अनिल शाह ५ रनमा क्याच आउट भएपछि रोहित मैदान प्रवेश गर्दा नेपाल २.१ ओभरमा १२-१ को अवस्थामा थियो । दोस्रो र तेस्रो बलमा प्वाइन्टमा रोहितले लगातार चौका हान्दै सुरुवात गरे । कुनै ब्याटरले पहिलो बल मिडिल अफ द ब्याट र बाउन्ड्रीबाट सुरुवात गर्छ भने उसको आत्मविश्वास बढिसकेको हुन्छ ।

११ औं ओभरको दोस्रो र तेस्रो बलमा ओशान थोमसलाई छक्का र चौका हान्दै रोहितले २७ बलमा अर्धशतक पूरा गरे । त्यतिबेला नेपाल १५ ओभरमा १३६-३ को अवस्थामा थियो । जित्नलाई बाँकी ३० बलमा ६९ रन चाहिएको थियो ।

रोहितले १६ औं ओभरमा आईपीएल अनुभवी किमो पलको बलमा दुई चौका र एक छक्कासहित १७ रन जोडे । अर्को ओभरमा म्याथ्यु फर्डलाई दुई छक्का र एक चौका हान्दै उनी ४५ बलमा ९५ रनको स्थितिमा पुगे । १८ औं ओभरको दोस्रो बलमा ओबेद म्याककोयको बलमा दुई रन बटुल्दै ४७ बलमा शतक पूरा गरे । त्यतिबेला नेपाललाई जितका लागि १६ बलमा २७ रन चाहिएकाले शतक बनाउँदा पनि रोहितले सेलिब्रेसन गरेनन् ।

रोहितले २०२२ मा ओडीआईमा पपुवा न्युगिनीविरुद्ध शतक हान्दा पनि शतकको सेलिब्रेसन गरेका थिएनन् । खेल जिताएपछि मात्रै सेलिब्रेसन गर्नुपर्ने उनको मान्यता छ । १९ औं ओभरको पाँचौं बलमा रोहित एजमा लागेर विकेटकिपर आन्द्रे फ्लेचरबाट क्याच आउट हुँदा नेपाललाई खेल जित्न ७ बलमा १३ रन चाहिएको थियो । १९ औं ओभरको अन्तिम बलमा प्रतिश जिसीले चौका हानेपछि ६ बलमा ९ रन चाहिएको थियो । अन्तिम ओभरको तेस्रो र चौथो बलमा थोसमलाई गुल्सन झाले चौका हान्दै नेपाललाई रोमाञ्चक जित दिलाए । एक हप्ताअघि मात्रै एसीसी प्रिमियर कपको सेमिफाइनलमा युएईसँग हारेर एसिया कप गुमाएको नेपाललाई यस जितले ठूलो राहत दिएको छ ।

नेपालले ओमानको अल अमरेतमा टस हारेर युएईविरुद्ध २० ओभरमा ९ विकेट गुमाउँदै ११९ रन बनाएको थियो । रोहित १८ बलमा ५ रन बनाएर आउट भएका थिए । तेस्रो स्थानको लागि भएको खेलमा नेपाल हङकङसँग ५ विकेटले पराजित भएको थियो ।

उक्त खेलमा उनले १९ बलमा २ चौकासहित २१ रन बनाएका थिए । पछिल्लो डेढ वर्षमा रोहितको उत्कृष्ट कप्तानी र प्रदर्शनमा नेपालले अन्तिम १२ मध्ये ११ खेल जित्दै ओडीआई मान्यता जोगएको थियो । नेपालले पहिलो पटक एसिया कप खेलिसकेको छ भने १० वर्षपछि टी-२० विश्वकप पनि खेल्दैछ ।

अघिल्लो हप्ता एसीसी प्रिमियर कपमा विशेषगरी यूएईविरुद्धको सुस्त इनिङ र अर्को एसिया कपमा पुग्न नसकेपछि समर्थकहरुले रोहितको आलोचना गरेका थिए । कतिपयले त उनलाई कप्तानबाटै हटाउनुपर्ने मत पनि राखेका थिए । स्वदेश फर्किएर रोहितले एक हप्तामै शतकीय इनिङबाट आलोचकलाई जवाफ दिएका छन् ।

'मैदान छिरेपछि वाच द बल अनुसार नै खेलेको थिएँ । सबै कुरा राम्रो भइरहेको थियो । आज मेरो दिन थियो जस्तो लाग्यो', शतक हानेपछि रोहितले भने । 'यसअघि हाम्रो ब्याटिङ चलेको थिएन ।

मोन्टी सर र मबीच एक जना चल्दा पनि सबै जनाको आत्मविश्वास आउँछ भन्ने कुरा भएको थियो । मलाई लाग्छ यस इनिङले टोलीमा आत्मविश्वास र २०० रन पूरा गर्न सक्छौं भनेर विश्वास आउनेछ', रोहितले थपे । रोहितले ओमानमा भएको एसीसी प्रिमियर कपको नतिजा बिर्सनुपर्ने बताए ।

'ओमानको प्रदर्शनबाट सबैजना निराश छन् । तर त्यसबाट हामी अघि बढ्नुपर्छ । त्यही सोचेर बसेको भए आजको खेल पनि राम्रो हुने थिएन । भारत पनि विश्वकपमा १० खेल जितेपनि फाइनलमा पुगेर हारेको थियो', उनले भने । अन्तिम १० ओभर राम्रो बलिङ गरेपछि शनिबार वेष्ट इण्डिज ए विरुद्धको खेलमा जित्ने स्थितिमा पुगेको बताए । 'टीयुमा २०० रन पूरा हुने योगफल हो', उनले भने ।

नेपालका मुख्य प्रशिक्षक मोन्टी देशाईले नेपालमा आफूले देखेको रोहितको शतक उत्कृष्ट बताउँछन् । 'घरेलु मैदानमा आफ्नो क्षमता देखाउने खेलाडीबाट म खुसी छु । हाम्रो ब्याटिङ युनिट फेरि फायर भएको छ । रोहितको इनिङ मैले नेपालमा देखेको सबै भन्दा उत्कृष्ट हो', मोन्टीले भने ।

वेष्टइण्डिज ए का प्रशिक्षक फ्योयड रिफरले रोहितले प्रहार गरेको सटहरुको तारिफ गरे । 'रोहितले साँच्चिकै राम्रो खेले । केही राम्रा सटहरु खेले । कप्तानी गर्दै अघि आएर वेस्टइण्डिजविरुद्ध शतक हान्नु धेरै राम्रो हो', उनले भने । (स्रोत: अनलाइनखबर)

# एक हप्ता पछि सर्‍यो दयाहाङको 'गाउँ आएको बाटो'



काठमाडौं/'नुमाफुङ' निर्देशक नवीन सुब्बाको कमब्याक फिल्म 'गाउँ आएको बाटो'को प्रदर्शन मिति हेरफेर गरिएको छ । पूर्वघोषित मिति जेठ १८ गतेबाट पोस्टपोन्ड भएर फिल्म एक हप्ता पछाडि सरेको छ । अब यो फिल्म जेठ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउनेछ । यो मितिमा फिल्मलाई एकल रिलिजको अवसर भने मिल्ने छैन । किनकि, यसअघि नै फिल्म 'लण्डन टू पेरिस'ले जेठ २५ गतेलाई 'बुक' गरिसकेको छ । यद्यपि, दुवै फिल्म फरक विषयमा बनेका छन् ।

प्रदर्शन मिति हेरफेर भएसँगै फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बिक्री भएको छ । सेभेन सीज इन्टरटेन्मेन्टले फिल्मको प्रदर्शन अधिकार खरिद गरेको हो । शनिबार फिल्मका निर्माता र वितरक कम्पनीका प्रतिनिधिबीच अन्तर्राष्ट्रिय प्रदर्शनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । नेपाल र अन्तर्राष्ट्रिय बजारमा एकसाथ प्रदर्शन गर्ने गरी फिल्मलाई एक हप्ता पछि सारिएको जनाइएको छ ।

विश्वका प्रतिष्ठित महोत्सवहरु घुमिसकेको 'गाउँ आएको बाटो'मा अभिनेता दयाहाङ राई, अभिनेत्री पशुपति राई र बाल कलाकार प्रशान राई मुख्य भूमिकामा छन् । खानुमा राई, केशव राई, प्रमिशा राई, प्रेम सुब्बा लगायतको पनि अभिनय रहेको फिल्मले दुर्गम गाउँमा सडक र गाडी पुगेपछिको एउटा परिवारको कथालाई उठाएको छ ।

अमेरिकी छायाँकार मार्किन कापरोनले फिल्मको छायांकन गरेका हुन् । निर्देशक सुब्बा र महेश राईको स्क्रिप्ट लेखन रहेको फिल्मको निर्मातामा अमोद राई र निर्देशक सुब्बा छन् भने सञ्जु राई, देवराज राई, नरहाङ राई र भीम राई कार्यकारी निर्मातामा छन् । 'गाउँ आएको बाटो' टोरोन्टो, गोटेबर्ग, बुसान, पुणे, बेइजिङ जस्ता फेस्टिभलमा छनोट भएर प्रदर्शन भइसकेको छ ।

# ऋषिराजको 'द्रौपदी' ४४ दिनमा प्याकअप




काठमाडौं/निर्देशक ऋषिराज आचार्यले ४४ दिनमा आफ्नो नयाँ फिल्म 'द्रौपदी'को छायांकन सकाएका छन् । गत फागुन अन्तिममा डोल्पा जिल्लाको दुनैको कालिका मन्दिरमा शुभसाइत गरेपछि छायांकन सुरु गरिएको फिल्मको शुक्रबार नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे-फोक्सुण्डो तालमा अन्तिम दृश्य खिचियो । नारी प्रधान विषयमा निकै मिहिनेत गरेर फिल्म बनाएको निर्देशक आचार्यले बताएका छन् । स्क्रिप्ट लेखन मात्र चार वर्ष लागेको उनको भनाइ छ ।

फिल्ममा आश्विनी शाही, गायक रवि ओड, कविराज भाम, जेल्सन अधिकारी, सुजाता तिमल्सिना, विष्णु (सुवास) ठडराई, प्रकाश ज्ञवाली, सीता बौडेल, सुरज अधिकारीलगायतको अभिनय छ । गायक ओडले यही फिल्मबाट अभिनयमा डेब्यु गरेका हुन् । यसमा मोहनकुमार झिल्लुको छायांकन, रवि ओडको संगीत तथा विजय आचार्यको कला निर्देशन छ ।

फिल्मको निर्मातामा निर्देशक आचार्य स्वयं छन् भने उनलाई विष्णु (सुवास) ठडराई र प्रकाश ज्ञवालीले निर्माणमा सघाएका छन् । खेमराज भण्डारी र ऋतु आचार्य सह-निर्माता रहेको फिल्मको सम्पादन अनिल महर्जनले गर्नेछन् । फिल्मलाई यसै वर्ष प्रदर्शनको तयारी गरिएको छ ।

# उपचुनावको नतिजाले दिने राजनीतिक सन्देश



काठमाडौं/आमचुनाव २०७९ पछि दोस्रोपटक भएको उपनिर्वाचनबाट आउने नतिजाको पर्खाइ सुरु भएको छ । अपरान्ह ५ बजेसम्म मतदान भएको इलाम-२ र बझाङ प्रदेशसभा निर्वाचन क्षेत्र १ मा मत गणनाको तयारी चलिरहेको छ ।

मतदान केन्द्रबाट मतपेटिका संकलन गर्न समय लाग्ने भएकाले बझाङमा आइतबार बिहान मात्रै गणना सुरु हुने निर्वाचन आयोगले जनाएको छ भने इलाममा सम्भव भएसम्म शनिबार राति गणना गर्ने तयारी छ । दलहरुको पूर्वतयारी र आमचासो हेर्दा बझाङको प्रदेशसभा सदस्य भन्दा इलामको प्रतिनिधिसभा सदस्यको उपचुनावमा चासो बढी देखिन्छ । यसको कारण भने उपचुनावबाट आउने संसदीय गणित भन्दा यसको राजनीतिक सन्देश ठूलो हुनु हो ।

इलामको उपचुनावपछि उम्मेदवारहरुले आफूले जित्ने दाबी गरेका छन् । नेकपा एमालेका उम्मेदवार सुहाङ नेम्वाङले मतदानपछि आफू उत्साहित बनेको बताएका छन् । 'मतदाताहरु एकदमै उत्साहित भेटिए, म पनि अत्यन्तै उत्साहित छु', नेम्वाङले भने, 'उपचुनाव भएपनि विगतमा भन्दा धेरै मत खस्नु इलामका मतदाता आर्थिक समृद्धिको पक्षपाती हुन् भन्ने सन्देश हो, यो ।'

४ मंसिर २०७९ मा भएको आम निर्वाचनमा ५९.७८ प्रतिशत मत खसेको थियो । तर शनिबार भएको उपनिर्वाचनमा ६० प्रतिशत मतदान भएको निर्वाचन अधिकृतको कार्यालयको दाबी छ । नेपाली कांग्रेसका उम्मेदवार डम्बर खड्काले पनि सुहाङकै जस्तो प्रतिक्रिया दिए । कांग्रेस एकतावद्ध भएर आफ्नो पक्षमा मतदान गरेको र आफू उत्साहित रहेको उनले बताए । 'हिजोको चुनावमा जे भयो भयो, यो चुनावमा कांग्रेस एकढिक्का भयो । इलामको कांग्रेस मात्र होइन, देशभरको कांग्रेस एकढिक्का भए', उनले भने ।

बलियो प्रतिस्पर्धी मानिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मिलन लिम्बुले मतदाताले कांग्रेस-एमालेको विकल्प खोजेको बताए । 'हिजोको जस्तो विकल्पहित अवस्थाबाट यस उपचुनावमा आममतदाताले बलियो विकल्प पाएका छन् । मतदाताले राहतको स्वास फेरेका छन्', लिम्बुले भने, 'हामी पनि अत्यन्तै उत्साहित भएका छौं ।'

पहिचान पक्षधरको समर्थन पाएका स्वतन्त्र उम्मेदवार डकेन्द्र थेगिमले भने उपचुनावबाट आफ्नो एजेण्डा अनुमोदित भएको बताएका छन् । 'एक जना स्वतन्त्र उम्मेदवारको पक्षमा जनसागर उर्लेर मत हालेजस्तो लाग्छ । म त पात्र मात्र हुँ, जितहार त गणना भएपछि थाहा भइहाल्छ नि । तर जनताले पहिचानको मुद्दालाई अनुमोदन गरेको आभास भयो हामीलाई', थेगिमले भने ।

**कसले जिते, के सन्देश ?**

इलाम-२ मा सम्पन्न उपचुनावमा राजनीतिक दल र स्वतन्त्र गरी १९ उम्मेदवारबीच प्रतिस्पर्धा भएको छ । मुख्यनिर्वाचन अधिकृत केवशप्रसाद घिमिरेका अनुसार, मतगणनाको नतिजा आउन केही दिन लाग्न सक्छ ।

अन्तिम नतिजा आएसँगै दलहरुको दाबीको समेत मूल्यांकन हुनेछ । किनकि यसपटकको उपचुनावलाई सत्ता र प्रतिपक्षको मध्यावधि परीक्षण मान्न सकिने अवस्था छैन । आमचुनावको डेढ वर्षभित्रै दोस्रोपटक सम्पन्न यो उपचुनावमा समीकरण फेर्दै सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रसँग आफ्नो उम्मेदवार छैन । भर्खरै सत्ता समीकरण फेरिएकाले कांग्रेस र एमालेलाई पनि सत्ताको कार्य सम्पादनसँग जोडेर विश्लेषण गर्न उपयुक्त देखिदैन ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल सत्ता र प्रतिपक्षको कार्य सम्पादन मूल्याकंन नभएर यो उपचुनावबाट दलहरुको मान्यता परीक्षण हुने बताउँछन् । 'सत्ता उलटफेर र सत्तासँग जोडिएर उपचुनावको विश्लेषण नभए पनि दलहरुको दावी परीक्षण हुनेछ', उनी भन्छन् ।

यो क्षेत्रको बलियो शक्ति एमाले भएकाले मुख्य परीक्षण पनि उसकै हुने विश्लेषक पोखरेल बताउँछन् । 'आफ्नो गढ जोगाएर पार्टीले लिदै आएको मान्यताहरु कायम रहेको सन्देश दिन उपचुनावको नतिजाले तेजाबी परीक्षण गर्नेछ', उनी भन्छन् ।


आम चुनावमा यस क्षेत्रबाट निर्वाचित एमालेका तत्कालिन उपाध्यक्ष सुवासचन्द्र नेम्वाङकै कान्छा छोरा सुहाङलाई उम्मेदवार बनाएर एमालेले पार्टीभित्र चल्दै आएको मृतक परिवारकै सदस्यलाई उम्मेदवार बनाउने संस्कृतिलाई यो उपचुनावमा पनि निरन्तरता दिएको छ । यस्तो संस्कृति एमालेमा निकै पुरानो हो ।

२०५० सालमा तत्कालीन महासचिव मदन भण्डारीको निधनपछि काठमाडौं-१ मा भएको उपचुनावमा भण्डारीकी पत्नी विद्या भण्डारी उम्मेदवार बनेकी थिइन् । विद्याले कांग्रेसका तत्कालीन सभापति कृष्णप्रसाद भट्टराईलाई पराजितगरिन् ।

यसपछि २०६४ सालको संविधानसभा निर्वाचनअघि नेता ऋषि शर्माको निधन भएपछि सुर्खेत-१ मा उनकै पत्नी कमला शर्मा उम्मेदवार बनेकी थिइन् । २०७४ को चुनावमा कास्की-३ बाट निर्वाचित रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा मृत्यु भएपछि उपचुनावमा उम्मेदवार बनेकी उनकी पत्नी विद्या भट्टराई निर्वाचित भएकी थिइन् । २०७४ मा दाङ-३ (ख) को प्रदेशसभा चुनावमा निर्वाचित उत्तरकुमार वलीको सडक दुर्घटनामा निधन भएपछि उपचुनावमा उनकै पत्नी विमला वली निर्वाचित भएकी थिइन् ।

*(स्रोत: अनलाइनखबर)*

# लगानी सम्मेलनमा १६०० जनाको सहभागिता सुनिश्चित



काठमाडौं/आइतबार देखि सुरु हुन लागेको दुईदिने तेस्रो लगानी सम्मेलनका लागि स्वदेश तथा विदेशबाट गरेर एक हजार ६ सय जनाभन्दा बढीको सहभागिता सुनिश्चित भएको छ । लगानी बोर्डको कार्यालयले उपलब्ध गराएको विवरणअनुसार सम्मेलनका लागि दुई हजार चार सयभन्दा बढी व्यक्तिलाई निमन्त्रणा पठाइएको थियो ।

विभिन्न ५५ देशका लगानीकर्ता सम्मेलनका लागि आउँदैछन् । सम्मेलनका नेपालका तीन सय ८५ जनाको सहभागिता सुनिश्चित भइसकेको छ । त्यसैगरी, चीनका २६५, भारतका १४३, संयुक्त राज्य अमेरिकाका ३३, जापानका २८, संयुक्त अधिराज्यका १४, बङ्गलादेशका १३, संयुक्त अरब इमिरेट्स (युएई) का १३ र जर्मनीका १० जना सहभागी हुँदैछन् । दक्षिण कोरिया, अस्ट्रेलिया र मलेसियाका नौ नौ जना सम्मेलनमा सहभागी हुन लागेका लगानी बोर्डले जनाएको छ ।

पाकिस्तानबाट आठ, सिङ्गापुरबाट ६, कतार र घानाबाट पाँच/पाँच, साउदी अरब, फ्रान्स र बहराइनबाट चार/चार जनाको सहभागिता रहने जनाइएको छ । त्यसैगरी, स्वीटजरल्यान्ड, फिनल्यान्ड, रुस, अस्ट्रिया, श्रीलङ्का र कोलम्बियाका तीन/तीनजना सम्मलेनका लागि नेपाल आउँदैछन् । फिलिपिन्स, कुवेत, क्यानडा, मौरिसस, बेलारुस र बेल्जियमबाट दुई/दुईजना सम्मेलनमा सहभागी हुने सुनिश्चित भएको छ ।

त्यसैगरी, इजिप्ट, नर्वे, इटाली, सेनेगल, नेदरल्यान्ड, पोल्यान्ड, इन्डोनेसिया, ताजकिस्तान, दक्षिण अफ्रिका, रोमानिया, मेक्सिको र साइप्रसबाट पनि सम्मेलनमा सहभागिता रहने छ । आयरल्यान्ड, स्लोभेनिया, भियतनाम, बोस्निया, मोरक्को, टर्की, भानुआटु, मौरिटानिया र हङकङबाट पनि सम्मेलनका सहभागी हुने सुनिश्चित भएको बोर्डले जनाएको छ ।

आइतबारदेखि काठमाडौंमा आयोजना हुने उक्त सम्मेलनका लागि एक सय ५० आयोजना सोकेसमा राखिँदैछन भने सम्मेलन स्थलमा २३ प्रदर्शनी कक्ष (स्टल) राखिनेछन् । सम्मेलनका क्रममा विभिन्न १९ परियोजनाका लागि आशयपत्र आह्वान गर्न लागिएको छ । आशयपत्र आह्वान गरिने, सोकेस गरिने, मार्केट साउन्डिङ गरिने र निजी क्षेत्रबाट गरी कूल एक सय ५० परियोजना प्रस्तुत हुनेछन् । पहिलो दिन उद्घाटन सत्र र दुईवटा मुख्य सत्र रहेका छन् । त्यस्तै, दोस्रो दिन ११ समानान्तर सत्र सञ्चालन हुनेछन् ।

# 'तेल भिसा' खेल्न अमेरिका पुगे विपिन, दोहोरो भूमिकामा देखिँदै



काठमाडौं/फिल्म 'महाजात्रा'को सफलतापछि अभिनेता विपिन कार्की आफ्नो आगामी फिल्म 'तेल भिसा'को छायांकनका लागि अमेरिका पुगेका छन् । शुक्रबार साँझ अमेरिका ओर्लिएका उनलाई फिल्मकी अभिनेत्री ऋचा घिमिरेले स्वागत गरेकी थिइन् । विपिनको यो पहिलो अमेरिका यात्रा हो । उनको साथमा फिल्मका निर्देशक शंकर घिमिरे र चिफ एडी ( असिस्टेन्ट डिरेक्टर) मछिन्द्र योङगा पनि अमेरिका पुगेका छन् ।

यही बैशाख २५ गतेबाट अमेरिकामा छायांकन हुन लागेको फिल्ममा गौरी मल्ल र वर्षा राउतको पनि मुख्य भूमिका रहनेछ । उनीहरु भने आगामी साता अमेरिका पुग्ने जनाइएको छ । एक महिना मेरिल्यान्ड राज्यका विभिन्न सहरमा ७० प्रतिशत छायांकन हुने र बाँकी पूर्वी चितवनमा गरिने निर्देशक घिमिरेले जानकारी गराए । उनी करिब १३ वर्षपछि निर्देशनमा फर्किन लागेका हुन् । उनले पछिल्लोपटक फिल्म 'ब्रेकफेल' निर्देशन गरेका थिए, जुन २०११ मा रिलिज भएको थियो ।

फिल्ममा विपिन दोहोरो भूमिकामा प्रस्तुत हुनेछन् । प्राप्त जानकारी अनुसार, उनले पिता र छोराको भूमिका निर्वाह गर्नेछन् । बुद्धि तामाङको पनि फिल्ममा मुख्य भूमिका रहनेछ । फिल्म 'डिग्री माइला'को प्रदर्शनका लागि अमेरिका पुगेका उनी अहिले उतै छन् । अब 'तेल भिसा'को छायांकन गरेर मात्र उनी नेपाल फिर्नेछन् । ऋचा घिमिरेले भने यो फिल्मबाट १० वर्षपछि कमब्याक गर्दैछिन् ।

सुसन प्रजापतिले छायांकन गर्न लागेको फिल्ममा अमेरिका बस्ने विभिन्न देशका कलाकारहरुको पनि अभिनय रहनेछ । त्यसका लागि अडिसन नै लिइएको थियो । विनोद पौडेल, अदिति खरेल र रमेश चौलागाईं फिल्मका निर्माता हुन् । कार्यकारी निर्मातामा भने ऋचा स्वयं छिन् । वेलडन क्रियशन र सेभेन सीज इन्टरटेन्मेन्टको निर्माण रहने फिल्मले विदेशमा गएर त्यहीं स्थापित हुने क्रमले नेपाली समाजको बदलिँदो स्थितिलाई देखाउनेछ ।

# सरकार ! सास फेर्न...

यही क्रम कायम हुने हो भने अबको २० वर्षमा राजधानी र यस वरिपरिको वातावरण मान्छे बाँच्नै नसकिने तहमा पुग्नेछ । पानी अभावको सम्भावित आतंकबाट संसारका वैज्ञानिकहरू त्यसै आत्तिएका होइनन् । विकासको जिजीविषामा आफ्नै जीवनको चरु पोल्न उद्यत मान्छेले आफ्नो ज्ञान र विवेकको बिर्को उघार्न कहिले सम्झने हो ?

**वायु प्रदूषणको समाधान छैन ?**

छ, सरल समाधान छ । सरकारलाई अतिरिक्त बोझ नहुने गरी यसको समाधान खोज्न सकिन्छ । वायु प्रदूषण मजाले घटाउन सकिन्छ तर इच्छाशक्ति हुनुपर्‍यो, नागरिक सचेत हुनुपर्‍यो । सरकार नागरिक सचेतताको सञ्चालक हुनुपर्छ । सर्वप्रथम मानिसहरूले आफूले व्यक्तिगत तवरमा गर्ने कर्महरूले पर्यावरणीय ह्रासमा पुर्‍याएको योगदान आफैं मापन गर्नुपर्छ ।

उपभोगका मान्यता र सिद्धान्तहरूमा पर्यावरण अनुकूल परिवर्तन गर्न सिक्नुपर्छ । उदाहरणका लागि अत्यावश्यक छैन भने सवारी साधन लिएर सडकमा कुदिरहनुको के तात्पर्य ? धुवाँ र धुलो घटाउने आफ्नै प्रक्रिया र प्रोटोकल मान्छेले लागू गर्नुपर्छ । निर्माण सामग्री खासगरी गिटी, ढुंगा बालुवा, सिमेन्ट, इँटा आदि प्लास्टिकले राम्ररी छोपेर मात्र ढुवानी गर्न दिने, घर निर्माण गर्दा निर्माण कार्य वरिपरि प्लास्टिकको बर्सादीले बेरेर मात्र निर्माण गर्न दिने हो भने पनि धेरै मात्रामा धुलो नियन्त्रण हुन सक्छ ।

यस्तै थोत्रा, पुराना धुवाँ धेरै फाल्ने बस, ट्रक लगायत साना सवारी साधनहरू तुरुन्त प्रतिबन्ध लगाउनाले यातायात क्षेत्रले पुर्‍याएको वायु प्रदूषण कम हुँदै जान्छ । काठमाडौंको यातायातमा जोर-विजोर पद्धति लागू गर्न ढिला गर्नै हुँदैन ।

*(साभार: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# आँचलद्वारा ९ जना स्रष्टा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ हेटौंडास्थित महिला साहित्यकारकको सस्था आंचल साहित्य कलापुञ्जले सहीखबरका सम्पादक सरिता दाहालसहित विभिन्न क्षेत्रका ९ जना स्रष्ट्रालाई सम्मानित गरेको छ ।




पुञ्जले शनिबार हेटौंडामा सम्मान, बहस, रचनावाचन तथा गायन प्रतियोगिता आयोजना गरी दाहाललगायतलाई सम्मानित गरेको हो । ईश्वर लम्साल स्मृति पत्रकारिता सम्मान २०८० बाट सहीखबर डटकमकी सम्पादक मकवानपुरका दाहाल सम्मानित भएकी हुन् । सम्मानको राशी ७ हजार पाँच सय रुपैयाँ रहेको छ । दाहाल २ दशकदेखि मकवानपुरमा रहेर पत्रकारितामा क्रियाशील छिन् ।

आँचल साहित्य कलापुञ्ज मकवानपुरकी संस्थापक उपाध्यक्ष स्वर्गीय अप्सरा तिम्सिना लम्साल तथा प्रकाश लम्सालले आफ्नो ससुराबा/बुबाको नाममा स्थापना गरेका सम्मान एक लाख रुपैयाँ अक्षयकोषको व्याजबाट प्रत्येक वर्ष पत्रकारिताको क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरिदै आएको छ ।

यसैगरी हरिवंश भेटवाल र बिजुला भेटवालले स्थापना गरेको बालकुमारी जगन्नाथ भेटवाल स्मृति साहित्य सम्मान २०८० बाट रौतहटकी स्रष्टा रेणुका जीसी सम्मानित भएकी छिन् । यो सम्मानको राशी १० हजार रुपैयाँ र सम्मानपत्र रहेको छ । १ लाख २५ हजारको अक्षयकोषबाट सुरु गरिएको यो सम्मान २०७४ सालमा स्थापना भएको हो । साहित्यमा कलम चलाउने नारी साहित्यकार यो सम्मानबाट सम्मानित गरिदै आइएको छ । यो सम्मान आँचलमा स्थापना भएको अक्षयकोष सहितको पहिलो सम्मान हो ।

प्रतिभा धिताल छन्द सम्मान, २०८० बाट नुवाकोटकी साहित्यिक स्रष्टा सुमित्रा सुमी सम्मानित भएकी छिन् । यो सम्मानको राशी १० हजार रुपैयाँ रहेको छ । आँचल साहित्य कलापुञ्ज मकवानपुरकी संस्थापक अध्यक्ष मुना अर्याललले दिदी प्रतिभा धितालको नाममा २०७५ सालमा स्थापना गरेको सम्मान एक लाख अक्षयकोषको व्याजबाट प्रत्येक वर्ष छन्दमा कलम चलाउने नारी साहित्यकारलाई प्रदान गरिदै आइएको छ ।

टीकादत्त-मायादेवी-कुलकुमारी साहित्यिक सम्मान-२०८० बाट काठमाडौंकी स्रष्टा प्रभा बराल सम्मानित भएकी छिन् । यो सम्मानको राशी ११ हजार १ सय ११ रुपैयाँ रहेको छ । साहित्यकार रुकु कार्की तथा बहिनी प्रमिला शर्मा, अम्बिका उप्रेती, अन्जु उप्रतीले पिता तथा माताद्वयको नाममा १ लाख ५० हजारको अक्षयकोषसहित सुरुवात गरिएको यो सम्मान २०७६ सालमा स्थापना भएको थियो ।

यस्तै अप्सरा तिम्सिना लम्साल स्मृति साहित्य सम्मान-२०८० बाट नेत्र एटम (काठमाडौं) लाई सम्मानित गरिएको छ । अप्सरा स्मृति सम्मानको राशि १५ हजार एक रुपैयाँ रहेको छ । आँचल साहित्य कलापुञ्ज मकवानपुरकी संस्थापक उपाध्यक्ष स्वर्गीय अप्सरा तिम्सिनाको नाममा उनका मातापिता गजाधर तिम्सिना तथा यशोधरा तिम्सनाले १ लाख ९० हजार रुपैयाँको अक्षयकोषसहित सुरु गरिएको सम्मान साहित्यको क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरिएको हो ।

यसैगरी मंगलादेवी श्रेष्ठ बालप्रतिभा सम्मान-२०८० बाट बालजागृति इङलिस बोर्डिङ स्कुलकी प्रसिद्धि लामिछाने सम्मानित भएकी छिन् । मकवानपुरका स्रष्टा लामिछानेलाई ३ हजार ५ सय रुपैयाको सम्मान प्रदान गरिएको छ । शिक्षासेवी देवप्रसाद श्रेष्ठले विद्यालय तहमा अध्ययनरत विशेष प्रतिभा भएका विद्यार्थीलाई प्रदान गर्ने गरी यो सम्मान स्थापना गरेका हुन् । यस्तै मुक्ति-तारा नवप्रतिभा सम्मान-२०८० बाट मकवानपुरकी स्रष्टा स्वस्तिका बाँनिया सम्मानित भइन् । ५ हजार रुपैयाँ राशीको यो सम्मानको स्थापना २०७७ मा मुक्तिगोविन्द वैद्य र तारादेवी वैद्यले गरेका हुन् ।

मकवानपुरका स्रष्टा दीपक गौतमलाई सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान २०८० बाट सम्मानित गरिएको छ । १० हजार रुपैयाँ राशी रहेको सम्मानको संस्थापक चन्द्रकिरण श्रेष्ठ र मेनुका शर्मा हुन् । समाजसेवी श्रेष्ठ र शर्माले २०७७ मा सम्मान स्थापना गरेको थिए । यस्तै आँचल सम्मान २०८० बाट हरिवंश भेटवाल सम्मानित भएका छन् । आँचल साहित्य कलापुञ्ज मकवानपुरले प्रदान गर्ने गरेको आँचल सम्मान २०८० मकवानपुरमा रहेर निरन्तर रुपमा साहित्य श्रीवृद्धिका लागि योगदान गर्ने सामाजिक व्यक्तित्व साहित्यसेवी भेटवाललाई प्रदान गरिएको हो ।

संस्थाको अक्षयकोक्ष स्थापना गरेर सहयोग गर्नुका साथै आफूलेसमेत अक्षयकोष स्थापना गरेर आँचललाई संस्थागत गर्न सघाउ पुऱ्याएकोमा भेटवालको कदर गर्दै उनलाई सम्मानित गरिएको सापाकोटाले जानकारी दिइन् । पुञ्जले स्थापना गरेको ८ वटा पुरस्कार र एउटा सम्मानबाट विभिन्न क्षेत्रमा योगदान गरेका ९ जना व्यक्तित्वलाई सम्मानित गरिएको पुञ्जकी अध्यक्ष सापकोटाले जानकारी दिइन् । २०६९ सालमा स्थापना भएको संस्थाले मकवानपुरमा रहेर विभिन्न साहित्यिक गतिविधि सञ्चालन गर्दै आइरहेको छ ।

# पुरनबहादुर जोशीसहित विभिन्न व्यक्ति सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल तथा शिक्षाविद् पुरनबहादुर जोशीलाई शनिबार सम्मान गरिएको छ । नेवा:गुठी खल मकवानपुरको तेस्रो साधारणसभामा जोशीसहित विभिन्न व्यक्तिलाई सम्मान गरेको हो ।

कार्यक्रममा बीबीए सातौ सेमेष्टरमा नेपाल टप भएकी श्रृष्टि महर्जन, मकवानपुर बहुमुखी क्याम्पस बीबीए संकायमा नेपाल टप भएकी ईशा श्रेष्ठ, बालकुमारी पार्टी प्यालेसका सञ्चालक राजेश मानन्धर, उषा बासुकलालाई सम्मान गरिएको छ । संस्थाले नेवा समुदायबाट विभिन्न क्षेत्रमा नेतृत्व प्रदान गर्ने व्यक्तिलाई पनि सम्मान गरेको छ । जसमा लघु वित्त उद्यमी पुरस्कार २०८०बाट पुरस्कृत भएकी मेनुका श्रेष्ठ, सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा-११ अध्यक्ष देवकुमार श्रेष्ठ, नेपाल मानवअधिकार संगठन मकवानपुरका अध्यक्ष सर्मिला श्रेष्ठ, प्याव्सन नगरअध्यक्ष रामकुमार श्रेष्ठ, सचेत नागरिक युवा समूह मकवानपुरका अध्यक्ष शिवनारायण श्रेष्ठ र हेटौंडा जेसीज मकवानपुरका अध्यक्ष विकेशलाल श्रेष्ठलाई सम्मान गरेको हो ।

नेवा गुठी खल मकवानपुरका अध्यक्ष अनिलकृष्ण खड्गीको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश खानेपानी, ऊर्जा तथा सिचाई मन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा ९१ वर्षीय सोममाय बलामी, तीर्थमाया मानन्धर र रुद्रहरि जोशीलाई जेष्ठ नागरिकबाट अभिनन्दन गरिएको थियो । बागमती प्रदेशका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले नेपालको भाषा र संस्कृतिको पहिचानलाई विस्तार गर्नुपर्ने बेला आएको बताएका छन् । विक्रम सम्वत र रन्जना लिपिबाट नै संयुक्त राष्ट्रसंघबाट नेपालले सदस्यता लिइएको बताउँदै मन्त्री श्रेष्ठले भने- 'नेपालको भाषा र कला भएमा मात्र देश बाच्ने छ।'

हेटौंडा उपमहानगर पालिका-२ नम्वर वडाध्यक्ष विष्णुगोपाल महर्जनले नेपालमा तामाङ र नेवारी भाषालाई कामकाजी भाषा लागू गराउन विभिन्न लबिङ गरेको बताए । बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन २०८० कार्यान्वयन भएको सन्दर्भमा प्रदेशभर बैशाख २४ गते सार्वजनिक बिदाको घोषणा गरेको उनले बताए । हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल जोशीले नेवा: गुठी खललाई १ लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । नेवा गुठी खल मकवानपुरको तेस्रो साधारणसभामा नेवा एक चिनारी किताब पनि विमोचन भएको छ ।

कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य विद्युत वर्जाचार्य, मकवानपुर महिला उद्योग व्यवसायी संघका अध्यक्ष सुशिला पाण्डे मानन्धरलगायतको आतिथ्यता रहेको थियो ।

# कान्तिलोकपथ सडकखण्ड दैनिक ३ घण्टा मात्रै खुल्ने

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ हेटौंडा-ठिंगन-ललितपुर जोड्ने बैकल्पिक मार्ग कान्तिलोकपथ सडक खण्ड बैशाख १६ गते आइतबार बाट दिउँसो र बिहान फरक-फरक समयमा मात्र संचालनमा रहने भएको छ ।

मर्मतका लागि ४५ दिनदेखि बन्द रहेको यो बाटो काम पूरा नभएकाले दैनिक यातायात संचालनमा सहजताको लागि फरक फरक समयमा खोलिने भएको हो । मर्मतसम्भारका लागि काल्चेदेखि बगुवाखण्डसम्म चैत १ गतेदेखि बन्द गरिएको सडक अहिलेलाई बिहान ९ बजेदेखि १२ बजेसम्म र साँझ ६ बजेबाट बिहान ४ बजेसम्म सवारी साधनका लागि खुला रहने छ ।

दुई 'सिफ्ट' मा काम गरेर शीघ्र सम्पन्न गर्ने लक्ष्यका साथ भोलिबाट आगामी जेठ १५ गतेसम्म बाटो दिउँसो तीनघण्टा र राति र बिहान गरी १० घण्टा खुल्ने कान्तिलोकपथ आयोजनका इन्जिनियर रवीन्द्र महर्जनले जनाएका छन् । ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा बिहीबार भएको बैठकले बिहान ६ बजेदेखि ९ बजेसम्म र मध्यान्ह १२ बजेदेखि अपरान्ह ६ बजेसम्म दुई सिफ्टमा काम गर्ने निर्णय गरेको हो ।

बैठकले यो सडकमा ६ चक्के र त्यसभन्दा बढी पाङ्ग्रा भएका मालवाहक सवारी सञ्चालनमा पूर्णरुपमा रोक लगाउने निर्णय गरेको छ । यो सडक खण्ड एक दशमलव पाँच किलोमिटर चौडा गर्न लागिएको हो । अहिले ललितपुरको बागमती गाउँपालिका अन्तर्गतको सडकमाथिका चट्टान काट्ने काम भइरहेको छ । कान्तिलोकपथ बन्द रहने बारे जिल्ला प्रशासन कार्यालय मकवानपुरले पनि जानकारी गराएको छ ।

# ब्रम्हकुमारीको आध्यात्मिक सशक्तिकरण अभियान

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ ब्रह्मकुमारी राजयोग सेवाकेन्द्र मकवानपुरले स्वच्छ र स्वास्थ्य समाजको लागि आध्यात्मिक सशक्तिकरण अभियान सुरु गरेको छ ।



विश्वका १४० मुलुकमा शनिबार सुरु भएको अभियान अन्तरगत हेटौंडामा भएको क्षेत्रीय शुभारम्भ समारोहमा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले आध्यात्मिक सशक्तिकरणबाट शान्ति संभव रहेको बताए । समाजमा हिजो एकअर्कोलाई सहयोग सद्भाव आदनप्रदान हुने गरेको तर, आज एकअर्कोलाई सिध्याउने प्रचलन बढेको उनले बताए ।

'चाहे जुनसकै धर्म र आस्थाको कारण लडाइ भएको होस्, त्यसले नाश मात्रै गरेको छ, पृथ्वी बचाउनको लागि हर सबैमा एकले अर्कोलाई सम्मान गर्ने आदतको अनिवार्यता छ' पुलामीले भने । कार्यक्रममा हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहालले भौतिक विकासमा मात्रै ध्यान नदिइ आध्यात्मिक सशक्तिकरणमा पनि लगानी आवश्यक भएको बताइन् । बालबालिकालाई सही संस्कार सिकाउन जरुरी रहेको उनले बताइन् ।

पछिल्लो समय मानवमा घमण्ड बढ्दो र करुणा प्रेम घट्दो अवस्थामा रहेको मनकामना दुग्ध उत्पादन सहकारी संस्था अर्जुन दाहालले बताए । 'सुख र शान्ति भनेको समृद्ध, प्रेम र सहकार्यमा छ, सुख पैसामा धनमा हैन, अन्तरमनमा छ' दाहालले भने 'आफूलाई बिर्सेर अरुलाई समर्पण गर्दा सुख छ, आनन्द पाइन्छ ।' प्रेम बाड्न सकियो भने स्वस्थ्य रहन सकिने बताउँदै दाहालले भने 'जस्तो आहार उस्तै ब्यवाहार र बिचार हुन्छ, खानपानमा पनि व्यवहार परिवर्तन गरौं ।'

योग ध्यान प्राणायमले पनि शारीरिक र मानसिक स्वास्थ्य संभव भएको आयुर्वेद तथा बैकल्पिक चिकित्सालय कविराज निरीक्षक बिनोद शाहले बताए । मानवकल्याणको लागि अभियान सुरु भएकोमा आयुर्वेद तथा बैकल्पिक चिकित्सालय कविराज निरीक्षक शाहले खुसी ब्यक्ति गरे । आध्यात्मिक शक्ति सबै प्रकारको शक्तिको स्रोत भएको ब्रह्मकुमारी राजयोग सेवाकेन्द्र क्षेत्रीय संयोजक सुशीला दिदीले बताइन् । सबै मानवआत्माहरु आफू सुद्रिएर परिवारलाई सुधार गर्नतर्फ लाग्नुपर्ने उनले बताइन् । सकारात्मक चिन्तन नै विशेष सम्पत्ति भएको उनले बताइन् ।

समाजलाई प्रकृतिलाई योगदान गर्नको लागि यो अभियान शनिबारबाट विश्वभर सुरु भएको उनले बताइन् । सकारात्मक संकल्प राख्न अनुरोध गर्दै भनिन् 'जे सोच राखेर काम गऱ्यो, नतिजा उहीँ नै हुन्छ, यो समय भनेको संकल्प सुधारको समय हो।' सबैको राम्रो र भलो होस् भनेर सोच्नेको पनि सधै भलो तथा सकारात्मक नै हुने उनले बताइन् । विश्वको आत्माले नै सकारात्मक संकल्प गर्नुपर्ने र बुझेकाले नै अरुलाई बुझाउन यो अभियान थालिएको उनले बताइन् ।

कार्यक्रममा केन्द्रका प्रशिक्षक ब्रम्हकुमार विजयराजले स्वच्छ र स्वास्थ्य समाजको लागि आध्यात्मिक सशक्तिकरण अभियानको आवश्यकताबारे जानकारी गराएका थिए । आध्यात्मिक सशक्तिकरण ज्ञानको चार्जिङको रुपमा उनले प्रस्तुत गरे । आध्यात्मिक सशक्तिकरणले आत्मालाई सशक्त बनाउने, १४० राष्ट्रमा अभियान सुरु गरिएको केन्द्रका देवनारायण लामिछाने बताए । यसैगरी सेवा केन्द्रको प्रशिक्षक ब्रम्हकुमार मणिले बाहिरी स्वच्छता मात्रै भएर नहुने र यसको लागि आन्तरिक रुपले मानसिक स्वस्थ्य आवश्यक भएको बताए ।

# 'औषधि व्यवसायलाई अगाडि बढाउन मन्त्रालय तत्पर'

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ नेपाल औषधि व्यवसायी संघको तेश्रो वार्षिक साधरणसभा तथा दोश्रो प्रदेश अधिवेशन शुक्रबार हेटौडामा भएको छ । कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले औषधि व्यवसायलाई अगाडि बढाउन मन्त्रालय सधैं तत्पर रहेको बताए ।

सर्वसुलभ औषधिको उपलव्धतालाई मध्यनजर गर्दै यसलाई थप व्यवस्थित ढंगबाट अगाडि बढाउनुपर्छ मन्त्री श्रेष्ठले भने 'औषधि व्यवसायीलाई आर्थिक अनुशासनको पक्षबाट व्यावसायिक क्रियाकलापमा अगाडि बढाउन जरुरी छ ।'

बागमती प्रदेशमा औषधि उत्पादन गर्ने तथा आयात र निर्यात गर्नेलाई एक बनाएर अगाडि बढ्न उनले सुझाव दिए । राष्ट्रिय पुँजी निर्माणको महत्वपूर्ण पक्ष निजी र सरकारी क्षेत्रले स्वास्थ्यमा काम गरिरहेको उनको भनाइ रहेको थियो ।

औषधि व्यवसायीले रोजगारी श्रृजना गर्नुका साथै कर तिरेर राष्ट्रलाई आर्थिकरुपमा सवल बनाउन महत्वपूर्ण भूमिका खेलेको भन्दै मन्त्री श्रेष्ठले प्रशंसा व्यक्त गरे । औषधिको गुणस्तरमा ध्यान दिन सरकारीपक्षको मात्र काम नभई निजी संस्थाको पनि दायित्व भएकाले यसमा औषधि व्यवसाय सक्रियरुपमा लाग्नेमा उनले विश्वास लिएको बताए ।

'औषधि व्यवसायीलाई सबल बनाउन र समाजमा प्रतिष्ठित बनाउन बागमती प्रदेश सधै तत्पर रहन्छ' उनले भने 'औषधि व्यवसायीसँग मिलेर फार्मेसीसँगको दुरीलाई कायम गर्न जरुरी छ ।' सर्वसुलभ, गुणस्तरीय र मितव्ययीता नै संस्थाको मूल उदेश्य भएको तर्फ सचेत रहन समेत उनले आग्रह गरे ।

सबै औषधि व्यवसाय नाफामूलक नहुने तर, कुनै व्यवसाय समाजमा नाफा कमाउनकै लागि गरिने भएकाले त्यस्ता व्यवसायलाई शुद्धिकरण गर्दै लैजान मन्त्री श्रेष्ठले व्यवसायीलाई सुझाव दिए । अधिवेशन सफलताको शुभकामना दिदै उनले नँया नेतृत्वमा चयन हुनेले औषधि व्यवसायीको हितको लागि काम गर्नुपर्ने भनाइ राखेका थिए ।

बागमती प्रदेश औषधि व्यवसायी संघका अध्यक्ष धुव्रनारायण श्रेष्ठको सभाध्यक्षता तथा बागमती प्रदेश स्वास्थ्यमन्त्री श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा औषधि व्यवसायी संघ बागमती प्रदेशका नारायणप्रसाद ढकाल लगायत औषधि व्यवसायीको उपस्थिति थियो ।

# बागमती प्रदेश युवा सम्मेलनको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, १५ वैशाख/ बागमती प्रदेशका युवालाई सशक्तिकरण गर्दै सिर्जनशील र उद्यमशील बनाउने लक्ष्य सहित हेटौंडामा प्रदेश युवा सम्मेलन हुने भएको छ ।

बागमती प्रदेश युवा परिषद्ले दोश्रो प्रदेश युवा सम्मेलन आयोजना गर्न लागेको हो । यही बैशाख २८, २९ र ३० गते प्रदेशका १३ जिल्लाका युवाको सहभागितामा युवा सम्मेलन हुनेछ । सम्मेलनमा २ सय भन्दा बढी १६ वर्षदेखि ३० वर्ष उमेर समूहका युवाको सहभागिता हुनेछ । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय अन्तर्रगतको प्रदेश युवा परिषद्को वार्षिक कार्यक्रम अर्न्तगत प्रदेश युवा सम्मेलन गर्न लागिएको हो । सम्मेलनमा सहभागी युवालाई अनलाइन मार्फत् फारम भराएर सहभागी गराईदैछ ।

सम्मेलनमा सहभागी समावेशी अवधारणामा छनोट गरिने छ । प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाइँले युवालाई अवसर र प्रदेशको राजधानीसँग जोड्न सम्मेलनले महत्वप्रर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । प्रदेश सरकारले युवाको वृहत हितका लागि सम्मेलन गरेको बताउँदै युवा प्रदेश नीतिका विषय, एआइ, साइबर अपराध लगायतका विषयमा पनि छलफल गरिने उनको भनाई छ । यो वर्ष प्रदेश सरकारले नीति तथा कार्यक्रममै राखेर युवालाई थप प्रोत्साहन गर्ने कार्यक्रम ल्याउन लागेको जानकारी दिए ।

प्रदेश युवा सम्मेलनमा युवासँग मुख्यमन्त्री कार्यक्रम, सरोकारवालाबीच बहस, सहभागीबीच अन्तरक्रिया र सञ्जाल निर्माण, सांस्कृतिक कार्यक्रम हुनेछ । सम्मेलनमा कलाकार राजेश हमाल, पत्रकार टीकाराम यात्री र विश्वनाथ कोइरालालगायतको सहभागिता रहने आयोजकले जनाएको छ । सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन बागमतीमा युवा सशक्तिकरण भन्ने मूल नाराका साथ हुने सम्मेलनमा सहभागीलाई पर्यटकीय क्षेत्रको भ्रमण गराइने छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना